# <u>भैरबी नवीकरणीय ऊर्जा कार्यक्रम संचालन कार्यविधि, २०८०</u>

**प्रस्तावनाः** यसभैरबी गाउँपालिकाबाट सञ्चालन गरीने नवीकरणीय ऊर्जा कार्यक्रमको उचित कार्यान्वयन र दक्षतापूर्ण व्यवस्थापन गर्नको लागि आवश्यक कार्यविधि बनाई यस क्षेत्रलाई सहज, नियमित र व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

भैरबी विनियोजन ऐन,२०७९ को दफा६ को उपदफा (१)को अधिकार प्रयोग गरी भैरबी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

परिच्छेद -१

## <u>प्रारम्भिक</u>

**१. संक्षिप्त नाम र प्रारम्भः**(क) यस कार्यविधि को नाम "भैरबी नवीकरणीय ऊर्जा कार्यक्रम सञ्चालन तथा व्यस्थापन कार्यविधि, २०८०" रहेको छ ।

(ख) यो कार्यविधि भैरबी गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अध्यक्ष" भन्नाले भैरबी गाउँपालिका अध्यक्ष सम्झनु पर्छ ।

(ख) "अनुदान" भन्नाले नवीकरणीय ऊर्जाका प्रविधि जडान गर्न, विकास गर्न वा प्रयोगका लागि भैरबी गाउँपालिकाले घरधुरी, समुदाय वा संस्थालाई उपलब्ध गराउने एकमुष्ट रकम सम्झनु पर्छ ।

(ग) "उपभोक्ता समिति" भन्नाले सामुदायिक संस्थाका प्रतिनिधि सदस्य मिलेर नवीकरणीय ऊर्जा आयोजनाको स्थापना एवम् सञ्चालनको लागि परस्पर लाभ एवम् फाइदाको आधारमा गठन गरी सम्बन्धीत निकायमा दर्ता भएका संस्था सम्झनु पर्छ ।

(घ) "खरिद ऐन तथा नियमावली" भन्नाले सार्वजनिक खरिद ऐन, २०६३ र भैरबी गाउँपालिका खरिद नियमावली, २०८० सम्झनु पर्छ ।

(ङ) "गाउँपालिका" भन्नाले भैरबी गाउँपालिका सम्झनु पर्छ ।

(च) "निजी क्षेत्र" भन्नाले नवीकरणीय ऊर्जाको सेवा वा वस्तु प्रदान गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापित कम्पनी सम्झनु पर्छ ।

(छ) "पूर्वाधार विकास शाखा" भन्नाले गाउँपालिका अन्तर्गत पूर्वाधार हेर्ने शाखा र महाशाखा सम्झनु पर्छ।

(ज) "बैंक वा वित्तीय संस्था" भन्नाले बैंक वा वित्तीय संस्था ऐन (२०७३) अनुसार नेपाल राष्ट्र बैंकबाट लाइसेन्स प्राप्त गरी बैंकिंङ्ग कारोबार गर्न स्वीकृत प्राप्त गरेको बैंक वा वित्तीय संस्था सम्झनु पर्छ।

(झ) "सम्बन्धीत निकाय" भन्नाले नेपाल सरकारको आधारिक निकाय वा नेपाल सरकारबाट मान्यता प्राप्त संस्था सम्झनु पर्छ ।

(ञ) "व्यावसायिक प्रणाली"भन्नाले व्यावसायिक प्रयोजनको लागि प्रयोग भएका नवीकरणीय ऊर्जा प्रणाली सम्झनु पर्छ ।

(ट) "व्यवसायिक संस्था" भन्नाले नाफा कमाउने उद्‌देश्यले प्रचलित कानून बमोजिम स्थापना गरीएका निजी संस्था सम्झनु पर्छ ।

(ठ) "स्वतन्त्र परामर्शदाता" भन्नाले कुनै निश्चित कार्य गर्नका लागि भैरबी गाउँपालिका गाउँ कार्यपालिकाले सम्झौता गरी लिएको संस्था व्यक्ति सम्झनु पर्छ ।

(ड) "सामूदायिक संस्था"भन्नाले समुदायमा भएका घरधूरीको साझा उद्‌देश्य प्राप्तिका लागि समान स्वामित्व तथा पहुँचका आधारमा गठित संस्था सम्झनु पर्छ ।

(ढ) "सार्वजनिक संस्था" भन्नाले समुदायको परस्पर लाभ एवम् फाइदाका लागि समान पहुँचको आधारमा संगठित संस्था सम्झनु पर्छ र सो शब्दले सरकारी तथा सामुदायिक विद्‌यालय, गाउँपालिका,नगरपालिका, जिल्ला समन्वय समिति, सरकारी तथा सामुदायिक अस्पताल, प्रहरी तथा सैनिक व्यारेक, स्वास्थ्य चौकी, धार्मिक स्थल, साँस्कृतिक तथा पुरातात्विक संघ संस्था र ट्रस्ट समेतलाई जनाउँछ ।

परिच्छेद –२

## अनुदान परिचालन

**३. सूचना प्रकाशन गर्नु पर्नेः** गाउँपालिकाले कार्यक्रम सञ्चालनका लागि अनुसूची-१ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नु पर्नेछ।

**४. निवेदन दिनु पर्नेः** अनुदान प्राप्त गर्न चाहने लाभग्राहीले गाउँपालिका समक्ष अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

**५. अनुदान दिन सक्नेः** (१) गाउँपालिकाले नविकरणीय ऊर्जा सम्बन्धी अनुदान वितरण गर्न सक्नेछ ।

(२) अनुदान वितरण गर्दा विनियोजित बजेटको परिधिमा रही माग संकलन गरी ऊर्जा समितिको निर्णयानुसार सोझै लाभग्राहीलाई समेत वितरण गर्न सकिनेछ ।

**६. अनुदान परिचालनमा लाभग्राही छनोटको आधारः** (१) घरायसी नवीकरणीय ऊर्जा प्रणालीको लागि अनुदान प्राप्त गर्न उपभोक्ता अनिवार्य रुपमा नेपाली नागरीक हुनु पर्नेछ र निजले सोही घरका लागि सोही क्षमता वा बढीको ऊर्जा प्रणालीको लागि अनुदान लिइसकेको हुनु हुँदैन ।

(२) एकल महिला, महिला घरमूली भएको घर, पछाडी परेका वर्ग तथा समुदाय र गरीव परिवारलाई अनुदानमा विशेष प्राथमिकता दिइनेछ ।

(३) नवीकरणीय ऊर्जाको माग सम्बन्धी आधारभूत तथ्यांकको लेखाजोखा देहायको आधारमा गरीनेछः

(क) घरेलु प्रणालीबाट विद्युतीकरण गर्नु पर्ने घरेलु सौर्य प्रणाली, सुधारिएको चुलो वा वायोग्याँस प्रणाली जडान गर्नु पर्ने जात, लिंगतथा वर्गको संख्या गाउँपालिका अध्यक्षको सिफारिसका आधारमा एकिन गर्ने,

(ख) भैरबी गाउँपालिकाबाट सहयोग गरीने नवीकरणीय ऊर्जा प्रवर्द्धन सम्बन्धी कार्यक्रमको स्थानीय तथ्यांक प्रणाली (जात,लिंग तथा वर्गको आधारमा खण्डीकृत तथ्यांक),

(ग) भैरबी गाउँपालिकाको तथ्यांक (जात,लिंग तथा वर्गको आधारमा खण्डीकृत तथ्यांक) वा राष्ट्रिय आर्थिक सर्वेक्षण प्रतिवेदन,

(घ) भैरबी गाउँपालिकाले स्थानीय तहमा घरधूरी अनुसार ऊर्जा मागको मानचित्र तयार गरी ऊर्जा योजना वा कार्यक्रम बनाउने र सोही अनुसार ती घरधूरीमा विद्युत र खाना पकाउने स्वच्छ ऊर्जा प्रविधिको लक्ष्य निर्धारण गर्ने ।

**७. नविकरणीय ऊर्जा कार्यक्रमको कार्यान्वयन र परिचालनः** (१) गाउँपालिकाले आफ्नो भौगोलिक क्षेत्रभित्र नविकरणीय ऊर्जाको उत्पादन र विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा उपभोक्ताको समावेशी सहभागिता र संलग्नतामा सञ्चालन गर्नेछ।

(२) भैरबी गाउँपालिकाले नवीकरणीय ऊर्जा कार्यक्रम सञ्चालन गर्दा ऊर्जा उत्पादन गर्न सम्बन्धीत उपभोक्तालाई लक्षित गर्गको आर्थिक सामाजिक विपन्नता र प्राथमिकीकरणको आधारमा स्वीकृत आर्थिक अनुदान तथा प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ।

(३) भैरबी गाउँपालिकाले कार्यक्रम परिचालन गर्दा गाउँपालिकामा उपलब्ध वा सम्भाव्य ऊर्जा स्रोत, उत्पादन लागत,प्रविधिको गुणस्तर लगायतको अध्ययन गरेर मात्र कार्यक्रम सञ्चालन गर्नेछ।

(४) भैरबी गाउँपालिकाले आफैले वस्तु वा सेवा खरिद गरी नवीकरणीय ऊर्जा विकास गर्दा खरिद गरीने वस्तु सेवाको मापदण्ड,गुणस्तर तथा खरिद प्रकृया प्रचलित स्थानीय, प्रदेश र संघीय कानून बमोजिम हुनेछ ।

(५) दातृ निकाय वाव विकास साक्षेदार संस्थाको सहयोगमा संचालनमा रहेका नविकरणीय ऊर्जा सम्बन्धी योजना र कार्यक्रम कार्यान्वयन गर्दा आवश्यक समन्वय गरी स्वीकृत कार्यक्रम दस्तावेज, कार्ययोजना, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र तथा संघीय सरकार अन्तर्गतका निकाय संग सम्झौता भए सोही अनुसार कार्यान्वयन गरिनेछ।

(६) संघीय सरकारबाट प्राप्त सशर्त अनुदानको लागि तोकीएको नवीकरणीय ऊर्जाको प्रविधि कारणवश कार्यान्वयनका लागि सम्भाव्य नदेखिएमा वा गाउँपालिकाको प्राथमिकतामा नपरेको खण्डमा कार्यपालिकाको निर्णय अनुसार अन्य नवीकरणीय ऊर्जाको प्रविधि निर्माण वा जडान सम्बन्धी शिर्षकमा रकमान्तर गरी खर्च गर्न सकिनेछ ।

८. **नवीकरणीय उर्जा प्रदायक कम्पनीको छनोटः** बिभिन्न भौगोलिक क्षेत्रको माग तथा आपूर्तिमा आधारित भई देहायका मध्ये कुने एक तरिका अवलम्बन गरी नवीकरणीय उर्जा प्रदायक कम्पनीको छनोट गरिनेछः-

(१) प्रतिस्पर्धी कम्पनी मार्फत परिचालनः यस तरिका अन्तर्गतको प्रकृया देहाय बमोजिम हुनेछः-

(क) गाउँपालिकाले प्रतिस्पर्धाको आधारमा अनुदान वितरण गर्न कम्पनी छनौट गरी वा,

(ख) सार्वजनिक निजी साझेदारीमार्फत।

(२) मान्यता प्राप्त कम्पनी मार्फत परिचालनः अनुदान प्राप्तिका लागि मान्यता प्राप्त सूचीकृत कम्पनी मार्फत उपलब्ध हुने प्रविधि मध्ये उत्तम प्रविधिको छनोट सम्बन्धीत घरधूरीले स्वयम् गरी प्रविधि जडान गर्नु पर्नेछ ।

परिच्छेद –२

## संस्थागत ब्यवस्था

**९. गाउँ ऊर्जा समितिको गठनः** गाउँपालिकामा नवीकरणीय ऊर्जा विकास तथा प्रवर्द्धनका लागि ऊर्जा सम्बन्धी नीतिगत कानूनी तथा कार्यान्वयनको सुनिश्चितता गर्न गाउँपालिका अध्यक्षको संयोजकत्वमा देहाय बमोजिमको गाउँ ऊर्जा समिति रहनेछ ।

(क) अध्यक्ष, गाउँपालिका - संयोजक

(ख) उपाध्यक्ष, गाउँपालिका - सदस्य

(ग) संयोजक,पूर्वाधार विकास समिति - सदस्य

(घ) वडा अध्यक्ष, वडा नम्बर ७ - सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

**१०. गाउँ ऊर्जा समितिको काम, कर्तव्य र अधिकारः**ऊर्जा विकास निर्देशक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) नविकरणीय ऊर्जाको विकासका लगि आवश्यक नीति/रणनीति तथा कानून निर्माण गर्ने,

(२) नविकरणीय ऊर्जाको विकास र प्रवर्द्धन गर्न तथा ऊर्जा सम्बन्धी परियोजना संचालन गर्न आवश्येक कार्यविधि,निर्देशन, मापदण्ड आदि विकास गर्ने,

(३) नविकरणीय ऊर्जा सम्बन्धी परियोजना/कार्यक्रम संचालन गर्दा आवश्यक पर्ने भौतिक,आर्थिक तथा सामाजिक सहयोग उपलब्ध गराउन समन्वय गर्ने,

(४) नविकरणीय ऊर्जा कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन गर्ने।

(५) नविकरणीय ऊर्जाको विकास तथा प्रवर्द्धनका लागि, नविकरणीय ऊर्जा विकास सम्बन्धी वार्षिक योजना तर्जुमा गर्ने,

(६) ऊर्जा कार्यक्रम कार्यान्वयन, परिचालन गर्ने ऊर्जा सम्बन्धी कार्य गर्ने,

(७) नविकरणीय ऊर्जा विकासका लागि नव प्रर्वतनको अनुसन्धान र खोजी गर्ने,

(८) प्राविधिक दिग्दर्शन,निर्देशिका र मापदण्डको अध्ययन गरी स्वीकृतिका लागि गाउँपालिका समक्ष सिफारिस गर्ने,

(९) योजना सम्भाव्यता अध्ययन प्रतिवेदनको प्राविधिक, आर्थिक,सामाजिक पक्षको मूल्यांकन तथा विश्लेषण गरी स्वीकृतिको लागि गाउँपालिकामा सिफारिस गर्ने,

(१०) योजना सञ्चालनको क्रममा गरीने प्राविधि परिक्षण, गुणस्तर नियन्त्रण एवम् मूल्यांकनको प्रतिवेदनलाई स्वीकृतिको लागि गाउँपालिका समक्ष सिफारिस गर्ने,

(११) योजना सम्पन्न भएपश्चात स्थलगतरुपमा भौतिक प्रगतिको परीक्षण एवम् प्रमाणिकरण गर्ने,

(१२) लक्षित वर्गको व्यवहार परिवर्तनका लागि सञ्चार शिक्षा, ऊर्जाको प्रविधिको अनुदान, कानूनी प्रक्रिया,प्रावधान तथा लैंगिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी अभिमुखीकरण, सचेतना शिक्षा र जनचेतनामूलक कार्यक्रम संचालन गर्ने,

(१३) बैकल्पिक ऊर्जा प्रवर्द्धन गर्न गाउँ क्षेत्रका सामुदायिक वन, वैकल्पिक ऊर्जा सम्बन्धी काम गर्ने सेवा प्रदायक संघ संस्था तथा अन्य सरोकारवाला निकाय संग समन्वय तथा सहकार्य गर्ने,

(१४) गाउँ क्षेत्र भित्र वैकल्पिक ऊर्जाको विकासका लागि तथा दक्ष जनशक्ति उत्पादनका लागि तालिम संचालन गर्ने,

**१४.वडा कार्यालयको काम,कर्तव्यः** (१) आफ्नो वडा भित्र नविकरणीय ऊर्जाको आवश्यकता पहिचान गरी तोकिएको ढाँचामा अद्यावधिक गरी सो को विवरण राख्ने जिम्मेवारी सम्बन्धीत वडा कार्यालयको हुनेछ ।

(२) उपदफा (१) बमोजिम वडा कार्यालयमा विवरण अद्यावधिक नहुँदा सम्म गाउँपालिका क्षेत्रभित्रको सम्पूर्ण विवरण ऊर्जा समितिमा राखिनेछ ।

(३) ऊर्जा सम्बन्धी योजना कार्यान्वयन, ऊर्जा सम्बन्धी अनुदान प्राप्तिका लागि गाउँपालिकालाई सिफारिस गर्ने दायित्व सम्बन्धीत वडा कार्यालयको हुनेछ ।

(४) भैरबी गाउँपालिका आफैंले वस्तु वा सेवा खरिद गरी नवीकरणीय ऊर्जा विकास गर्दा खरिद गरीने वस्तु वा सेवाको मापदण्ड,गुणस्तर तथा खरिद प्रकृया अवस्था अनुसार प्रचलित स्थानीय ऐन वा प्रदेश सरकार वा संघीय सरकारको ऐन,नियम बमोजिम हुनेछ ।

(५) भैरबी गाउँपालिकाले अनुदान वा प्राविधिक सहयोग उपलब्ध गराई कार्यक्रम सञ्चालन गर्दा यसै कार्यविधि अनुसार गरिनेछ ।

परिच्छेद -६

## <u>विविध</u>

**१५. अनुगमन तथा मूल्यांकनः**(१) नविकरणीय ऊर्जा कार्यक्रम संचालनका क्रममा गाउँपालिकामा योजना अनुगमन प्रयोजनका लागि गठित अनुगमन समिति, निर्देशक समिति, ऊर्जा विकास समिति तथा वडा प्रतिनिधिले अनुगमन गर्न सक्नेछन् ।

(२) कार्यक्रम संचालन गरेपश्चात भुक्तानि गर्नु भन्दा अगाडी गाउँपालिकमा योजना अनुगमन प्रयोजनका लागि गठित अनुगमन समितिबाट गरेको प्रतिवेदन अनिवार्य हुनेछ ।

(३) अनुगमन समितिले अनुगमन गरी सो को प्रतिवेदन गाउँपालिकामा पेश गर्नेछ ।

(४) अनुगमन गरे वापत उपलब्ध बजेटको सिमा भित्र रही दैनिक रु. १५००/(अक्षरुपी एक हजार पाँच सयरुपैंया मात्र) का दरले अनुगमन भत्ता उपलब्ध गराउन सकिनेछ ।

**१६. तोकिएको अनुदानको दर र शर्तको अधिनमा रही कार्यक्रम कार्यान्वयन गर्न सकिनेः** संघीय सरकार वा प्रदेश सरकारद्वारा उपलब्ध गराइको सशर्त अनुदानको रकम परिचानल गर्दा तोकिएको अनुदानको दर र शर्तको अधिनमा रही कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।

**१७. व्याख्याः**यस नविकरणीय ऊर्जा कार्यक्रम परिचालन कार्यविधिको कार्यान्वयनका सम्बन्धमा कुनै अस्पष्टता, अन्योल वा समस्या उत्पन्न भएमा गाउँ कार्यपालिकाले त्यसको अन्तिम व्याख्या गर्नेछ ।

**१८. संशोधनः** गाउँपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा संशोधन गर्न सक्नेछ ।

**अनुसूची-१**

**(दफा ३ संग सम्बन्धित)**

कार्यक्रम कार्यान्वयनका लागि कार्यालयले जारी गर्ने सूचनाको ढाँचा

यस भैरवी गाउँ उर्जा समितिको मिति .............गते बसेको बैठकको निर्णय नं.......... अनुसार नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक बमोजिम उपयुक्त, सुरक्षित र वातावरणमैत्री नविकरणीय उर्जा कार्यक्रम कार्यान्वयनको लागि कार्यालय मार्फत ७ (सात) दिने सूचना जारी गर्ने निर्णय भएकाले उपरोक्त अनुसारको घरधनीहरुले यस कार्यालयबाट निःशूल्क रुपमा निवेदनको नमूना प्राप्त गरी आवश्यक विवरण भरी सात दिन भित्र यस कार्यालयमा बुझाउनु हुन सम्बन्धित सबैलाई अनुरोध गरिन्छ। साथै म्याद समाप्त भए पश्चात प्राप्त हुने निवेदन उपर कुनै किसिमको कारवाही नहुने व्यहोरा समेत अनुरोध छ।

**अनुसूची-२**

**(दफा ४ संग सम्बन्धित)**

लाभग्राहीले कार्यालय समक्ष पेश गर्ने निवेदनको ढाँचा

मितिः २०८०/...../.....

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

भैरवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

भैरीकालिकाथुम, दैलेख ।

**विषयः <u>अनुदान पाउँ।</u>**

महोदय,

उपरोक्त सम्बन्धमा भैरबी गाउँ उर्जा कार्यक्रम अन्तर्गत यस गाउँ गाउँपालिकाको कार्यालयबाट मिति ............ मा प्रकाशित सूचना बमोजिम भैरबी नवीकरणीय ऊर्जा कार्यक्रम सञ्चालन तथा व्यस्थापन कार्यविधि, २०८० बमोजिमको लक्षित वर्ग एवं लाभग्राहीको छनौटका आधारहरु भित्र आफु पनि पर्ने भएकोले मेरो घरको स्थलगत निरीक्षण गरी मेरो घरपरिवारलाई नवीकरणीय उर्जाको लागि अनुदान दिनहुनको लागि तपसिलका कागजातहरु यसै निवेदन साथ संलग्न गरी यो निवेदन पेश गरेको छु। मैले पेश गरेको प्रमाणहरु सही छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझौंला ।

तपशिलः

| क्र.सं. | संलग्न कागजातहरुको विवरण | कैफियत |
|---|---|---|
| १ | नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा मतदाता परिचयपत्रको प्रमाणित प्रतिलिपि | छ/छैन |
| २ | गरिबीको रेखामुनी रहेको वडाको सिफारिस। | छ/छैन |
| ३ | जग्गाधनी प्रमाण पूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको प्रमाण वा बिजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको प्रमाणको प्रतिलिपि । | छ/छैन |
| ४ | विगत देखि त्यस स्थानमा स्थाई बसोवास गर्दै आएको प्रमाणको प्रमाणित प्रतिलिपि । | छ/छैन |

निवेदककोः

सहीः .....................................................

नाम,थरः ..................................................

बुवा/पति/पत्नीको नामः ......................................................

बाजे/ससुराको नामः .......................................................

जिल्लाः ......................

गा.पा. ..................................................................वडा नं. .....................

गाउँ/टोलः .............................................

सम्पर्क मोवाईल नं..................................................

| निवेदको औठा छाप | |
|---|---|
| दाँया | बाँया |
| | |

नोटः एउटै चुल्होमा पकाएर खानाखाने तथा एउटै घरको छानामुनी बस्ने परिवारका सबै सदस्यलाई सगोलका परिवार मानिने छ। छुट्टिएर अर्को घरमा बसेकालाई सगोलको परिवार मानिने छैन। एउटा सगोलको परिवारले एउटा फर्म मात्र भर्न पाईनेछ। झुटो विवरण पेश गरेको पाईएमा सो कार्यक्रमबाट बंचित गरी कानूनी कारवाही गरिनेछ।